# प्रभाव दैनिक
National Daily



**प्रदूषण रोकौं, स्वास्थ बनौं**

**वातावरण प्रदूषणका कारणहरू:**
- अव्यवस्थित औद्योगिकीकरण,
- प्राकृतिक स्रोत साधनको जथाभावी उत्खनन,
- जथाभावी फोहर विर्सजन,
- प्रदुषणको मापदण्ड भित्र नपरेका सवारीसाधनको प्रयोग,
- वन–जङ्गलको विनाश,
- प्लाष्टिकको प्रयोग,
- प्लाष्टिकलगायत अन्य वस्तु जलाउनु, यस्ता कार्य नगरौं/नगराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १० | अंक २२८ | काठमाडौं | सोमबार, २ पुस २०८० | Prabhab National Daily | Monday, December 18, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# दलहरूलाई चुनावको तनाव

- चार वर्षअघि नै दलका नेताहरूको अभिव्यक्ति चुनाव केन्द्रित
- दलहरूको ध्यान विकास र समृद्धिमाभन्दा चुनावमा



एमालेविरूद्ध घेराबन्दी छ, यो तोड्नुपर्छ । एकल बहुमत ल्याउनुपर्छ । त्यसो हुँदा हामीले संकल्प गरेअनुसार देशको विकास गर्न सक्छौं ।

**केपी शर्मा ओली**
अध्यक्ष, नेकपा एमाले



कतिपय दलहरूले अहिले 'मिसन ८४' भनेर अभियान चलाइरहनुभएको छ, त्यो भनेको के हो ? २०८० मा गर्ने कामको बारेमा कुरा गरौं, २०८१ मा गर्न सक्ने कामबारे दलहरूबीच छलफल गरौं।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रतिनिधिसभा र प्रदेशसभा चुनाव भएको एक वर्ष पूरा हुँदै गर्दा राजनीतिक दलहरू 'मिसन २०८४'तर्फ उन्मुख भएका छन् । यसअघि सार्वजनिक घोषणापत्रहरूमा उल्लिखित पाँच वर्ष प्रतिबद्धतालाई कार्यान्वयन गर्नुभन्दा दलहरू अनपेक्षितरूपमा चार वर्षपछि हुने चुनावतर्फ केन्द्रित भएका हुन् । यसले दलहरूको मिसन (लक्ष्य) विकास र समृद्धिभन्दा पनि चुनाव नै रहेको सन्देश जनमानसमा गएको छ ।

शनिबार पाँचथरको फिदिम पुगेर पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमालेले एकल बहुमत प्राप्त गर्ने राजनीतिक माहोल बन्दै गएको दाबी गरे । पहिचानवादीहरू आन्दोलित रहेको त्यहाँ पुगेर देश विकासका लागि एमालेले बहुमत प्राप्त गर्नुपर्ने र त्यसका लागि कुनै पनि शक्तिले एमालेलाई रोक्न नसक्ने पनि उनको भनाइ थियो ।

'एमालेविरुद्ध घेराबन्दी छ, यो तोड्नुपर्छ । एकल बहुमत ल्याउनुपर्छ । त्यसो हुँदा हामीले संकल्प गरेअनुसार देशको विकास गर्न सक्छौं,' उनले भने ।

एमालेमात्रै होइन, अन्य राजनीतिक दलका नेताहरूले पनि चुनावकेन्द्रित अभिव्यक्ति दिइरहेका छन् । रवि लामिछानेले बारम्बार मिसन २०८४ मा केन्द्रित हुन नेता कार्यकर्तालाई निर्देशन दिँदै आएका छन् । उनले देशको वैकल्पिक शक्ति रास्वपा भएको र एकल बहुमतका लागि जनतासँग सम्बन्ध स्थापित गर्नुपर्नेमा जोड दिँदै आएका छन् । उनी नेतृत्वको रास्वपा स्थापित भएको डेढ वर्ष मात्रै भएको छ । यो छोटो अवधिमा संघीय संसद्मा चौंथो शक्ति भएपछि हौसिएका रविले दललाई अर्को निर्वाचनमा पहिलो दल बनाइछाड्ने बताए ।

'जनताको लोकप्रिय दल बनाउन जनतासँग एकाकार हुनुहोस्,' उनले हालै एक भिडियो सन्देश जारी गर्दै भनेका छन्, 'हाम्रो मिसन २०८४ मा पहिलो दल बन्ने हो ।'

यो दल संघीय संसद्मा २१ सिटसहित चौथो दलको हैसियतमा छ । पुराना दलहरूबाट भ्रष्टाचार, तस्करी, ठगीजस्ता काण्डमा दोषीलाई उन्मुक्ति दिलाउने अलोकप्रिय कार्यले आजित बनेका जनताले रविको दललाई विकल्पको रूपमा गत वर्षको चुनावबाट रोजेका हुन् । तर, उनी आफैंले उपनिर्वाचन जितेपछि १०० जनालाई रोजगारी दिने वचन दिएका थिए । तर, अहिलेसम्म कसैलाई पनि रोजगारी दिएका छैनन् । यसले गर्दा उनी पनि पुरानै नेताको लयमा देखिएको कतिपयको टिप्पणी छ ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले भने राजनीतिक दलहरूले चुनावको नभई देशको चिन्ता गर्नुपर्ने बताएका छन् । कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं २ बागलुङको क्षेत्रीय सम्मेलनमा आइतबार बोल्दै उनले देशलाई समुन्नतिको यात्रामा अगाडि बढाउनुपर्ने आजको आवश्यता रहेको औंल्याए ।

'कतिपय दलहरूले अहिले मिसन ८४ भनेर अभियान चलाइरहनुभएको छ, त्यो भनेको के हो?,' महामन्त्री शर्माले भने, '२०८० मा गर्ने कामको बारेमा कुरा गरौं, २०८१ मा गर्न सक्ने कामबारे दलहरूबीच छलफल गरौं।' उनले कांग्रेस 'मिसन ०८४'को अभियानमा नरहेको बताए । कांग्रेसले देशको जितलाई सधैं केन्द्रमा राख्ने उनले बताए ।

(बाँकी पृष्ठ २ मा)

## मेलम्चीमा सभामुखदेखि नेतामन्त्रीको तीर्थाटन

# पानी आउने छैन छाँटकाँट

सिएमसीको मुद्दा सिंगापुरमा चलिरहेको छ । भेण्डरवालाको ११ करोडभन्दा बढी तिर्न बाँकी रहेछ । सामान राख्न स्थानीयको जग्गा प्रयोग भएको रहेछ । तिनको भाडा पनि दिएको रहेनछ ।

■ **महिन्द्र राय यादव**
खानेपानीमन्त्री

काठमाडौं पानी आउने सुरूङसँग जोडिएको सुरूङ २०० मिटर लामो छ । त्यहाँ पानी पठाउन ६० मिटर लामो पाइप पनि छ । ती दुवैमा लेदो र फोहोर जमेको छ । कसरी सफा गर्ने भनेर कुनै निर्णय भएको छैन ।

■ **राजेन्द्रप्रसाद पन्त**
सूचना अधिकारी, मेलम्ची खानेपानी आयोजना

बाढीले जम्मा गरेको फोहोर धेरै फाल्नुपर्ने देखिएन । अलि प्रयास गरे छोटै समयमा खोल्न सक्ने देखियो

■ **प्रदीप पौडेल**
सांसद, नेपाली कांग्रेस

■ **प्रभाव संवाददाता**





सिन्धुपाल्चोकको हेलम्बुस्थित मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्स अवलोकन गर्न पुगेका सभामुख देवराज घिमिरे (बायाँ) र खानेपानीमन्त्री महेन्द्र राय यादव । *तस्बिरः रासस*

**काठमाडौं–** काठमाडौंमा खानेपानीको हाहाकार भएयता दैनिकजसो नेता-मन्त्री सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकामा रहेको मेलम्ची हेडवर्क्स पुग्छन् । आइतबारमात्र सभामुख देवराज घिमिरे मेलम्ची खानेपानीको हेडवर्क्स पुगेका थिए । सभामुख घिमिरेले त्यहाँको पानी चाँडो काठमाडौं पुऱ्याउन निर्देशन दिए । शनिबारमात्र काठमाडौं-५ का सांसद कांग्रेस नेता प्रदीप पौडेल हेडवर्क्स पुगेको थिए । 'काठमाडौंका मानिसहरू अहिले पनि मेलम्चीको पानीको पर्खाइमा छन्,' हेडवर्क्स क्षेत्र पुगेर उनले भने, 'अस्थायी समाधान गर्न खासै गाह्रो देखिएन ।'

गत मंसिर १५ गतेमात्र खानेपानीमन्त्री महिन्द्र राय यादव पनि यहाँको पानी काठमाडौं ल्याउन हेडवर्क्स क्षेत्र अम्बाथान पुगेका थिए । यादवभैंm यसअघिका खानेपानीमन्त्रीको पहिलो तीर्थ हुने गर्छ मेलम्ची । तर वर्षको कारण गत असारबाट मेलम्चीको पानी ठप्प भएपछि राजधानीलाई खानीपानी वितरणमा मुश्किल भएको छ ।

मन्त्रीहरू फोटो खिच्न पुग्ने तर खानेपानीको समस्या समाधान नहुने । यही प्रकरण दोहोरिन थालेपछि यसपटक खानेपानी मन्त्री यादवले यसको समस्याबारे विस्तृत बुझ्ने प्रयास गरे । पानी लिएरै आउने प्रतिबद्धतासहित केही दिन हेलम्बुमै बास बस्ने उद्देश्यले त्यता पुगेका मन्त्री भने निराश भएर भोलिपल्टै काठमाडौं फर्किसकेका छन् । पानी कसरी ल्याउने ? यादवलाई टाउको दुखाइ बनेको छ अहिले ।

### मुद्दा र बक्यौताले समस्यामा

मेलम्ची यतिबेला मुद्दा र बक्यौताले समस्यामा परेको देखिन्छ । 'सिएमसीको मुद्दा सिंगापुरमा चलिरहेको छ । भेण्डरवालाको ११ करोडभन्दा बढी तिर्न बाँकी रहेछ । सामान राख्न स्थानीयको जग्गा प्रयोग भएको रहेछ । तिनको भाडा पनि दिएको रहेनछ,' मन्त्री यादवले मेलम्ची पुगेर भने । सिएमसी दी रेभेन्ना यसअघि काम नगरी भागेको इटालीको ठेकेदार कम्पनी हो । तर सिएमसीले उल्टै मेलम्ची खानेपानीलाई सात अर्ब रूपैयाँभन्दा बढी ज्याला मागदाबी गर्दै सिंगापुरमा मुद्दा हालेको रहेछ । एक वर्षअघि हालेको मुद्दा अहिले सिंगापुरमा चलिरहेको मेलम्ची खानेपानी आयोजनाले जनाएको छ ।

समयमा पैसा नदिएको र सुरक्षा नदिएको कारण आफूहरूले आयोजना छाडेकोसमेत सिएमसीले दाबी गरेको छ । २०७५ मा सिएमसी भागेको थियो । सिएमसीले हात झिकेपछि स्थानीय ठेकेदार तथा व्यापारीहरूको करिब ११ करोड रूपैयाँ बक्यौता बाँकी थियो । यतिमात्र हैन, सिएमसीको सामान स्टोर गरी अझै राखिएको छ । ती स्टोरहरू भएको जग्गा व्यक्तिको भएको र भाडा नपाएको स्थानीयको गुनासोको पनि सुनुवाइ भएको छैन । यी विषयले पानी आउन भने नरोकिने आयोजनाका सूचना अधिकारीसमेत रहेका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्रप्रसाद पन्तले बताए ।

### किन रोकियो पानी ?

आयोजनाका अनुसार काठमाडौंमा अहिले पानी पठाउने भनेको अस्थायी रूपमा हो । पानी पठाउन ३८ नम्बर गेट तयारी अवस्थामा रहे पनि बाढीका कारण भित्री सुरुङमार्ग थुनिएको छ । 'काठमाडौंमा पानी पठाउने सानो सुरुङसम्म बाटो पुगिसकेको छ, त्यहाँ पानी पुग्न एउटा ठूलो पाइपले जोडेको छ,' पन्तले भने, 'पाइप र सानो सुरुङ सफा गर्नुपर्ने हुन्छ ।'

(बाँकी पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'लर्न एण्ड अर्न' कार्यक्रमबाट फर्किएकालाई इजरायलमा अवसर

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** कृषि क्षेत्रको अध्ययन तथा रोजगारसम्बन्धी कार्यक्रम 'लर्न एन्ड अर्न' अन्तर्गत इजरायल पुगेर फर्किएका नेपाली विद्यार्थीहरूले इजरायलमा पुनः रोजगारीको अवसर पाउने भएका छन् । लर्न एण्ड अर्न कार्यक्रमको अवधि सकेर नेपाल फर्किएका सबै नेपाली विद्यार्थीलाई रोजगारी दिने प्रस्ताव गरेपछि इजरायलमा उक्त रोजगारीको अवसर पाउने भएको हो ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस (डिसेम्बर १८)बारे जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले लर्न एण्ड अर्न कार्यक्रमअन्तर्गतका सबैलाई इजरायलले रोजगारीका लागि लैजाने प्रस्ताव गरेको जानकारी दिए । 'युद्धरत अवस्थामै पनि इजरायलले 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत गएर नेपाल फर्किएकाहरूलाई रोजगारीका लागि प्रस्ताव गरेको छ,' उनले भने, 'त्यसरी फर्किएकाहरूलाई लैजाने विषयमा आधिकारिक रूपमा नै मन्त्रालयमा प्रस्ताव आएको छ, तर सरकारले निर्णय गरिसकेको छैन ।'

इजरायलका विभिन्न कृषि फार्महरूमा एक वर्ष सिक्ने र कमाउने कार्यक्रमअन्तर्गत नेपालबाट कृषि विषय पढ्ने विद्यार्थीहरू इजरायल जाने गरेका छन् । पछिल्लो समय गत ७ अक्टोबरमा इजरायलको गाजास्थित हमास समूहले आक्रमण गरेपछि उक्त कार्यक्रमअन्तर्गत नेपालीहरू इजरायल जान रोकिएका छन् । उक्त आक्रमणमा परी १० जना नेपाली विद्यार्थीले ज्यान गुमाएका थिए भने चारजना घाइते छन् । 'इजरायलले अहिले पनि औपचारिकरूपमा श्रमिकहरू लाने भनेको छ, माग आउने सिलसिला जारी छ, तर केही भ्रमहरू फैलाइएको छ, यसप्रति सजग हुन जरुरी छ,' सचिव भण्डारीले भने ।

सरकारले २०७२ सालबाटै मलेसिया तथा खाडी मुलुक जाने श्रमिकहरूका लागि नीतिगत रूपमा व्यवस्था गरेको 'फ्री भिसा फ्री टिकट' कार्यान्वयनमा आउन नसकेकोप्रति पत्रकारहरूको जिज्ञासामा सचिव भण्डारीले नीति कार्यान्वयनका लागि काम गरे पनि व्यावहारिकरूपमा सम्भव नभएको उल्लेख गरे । उनले १० हजार रूपैयाँ सेवा शुल्क लिएर व्यवसायीहरूले रोजगारीका लागि विदेशमा श्रमिक पठाउन नसक्ने अवस्था देखिएको बताए । नेपालबाट वैदेशिक रोजगारीका लागि मलेसिया तथा खाडीलगायतका मुलुकमा 'फ्री भिसा, फ्री टिकट'मा श्रमिक पठाउने काम भए पनि हाल म्यानपावर व्यवसायीले लिँदै आएको सेवा शुल्क समयसापेक्ष नभएको उनको भनाइ छ ।

'सबैलाई थाहा भएकै कुरा हो, वैदेशिक रोजगारमा व्यापक ठगी छ । ठगीमा देशभित्रकै मान्छे संलग्न छन् । अहिले १० हजारमा मेडिकल परीक्षणसमेत हुँदैन । गल्फमा १० हजारमा श्रमिक पठाउन सम्भव छैन । ठगी नियन्त्रणका लागि पनि श्रमिकहरूबाट एक महिनाको तलब बराबरको शुल्क म्यानपावरले लिन पाउने व्यवस्था गर्नुपर्छ,' सचिव भण्डारीले भने । योग्यता, क्षमता र सीप भएका श्रमिकको माग गर्दा नै सम्बन्धित मुलुकको एजेन्सीहरूलेसमेत कमिसन लिने गरेको उनले बताए । श्रमिक माग गर्दा नै लागत लाग्ने भएकाले फ्री भिसा फ्री टिकटमा श्रमिक पठाउन सकिने नदेखिएको बताए ।

(बाँकी पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### पानी आउन...

पाइप र सानो सुरुङ सफा गर्न एक महिनाजति समय लाग्ने अनुमान छ। तर सफा कसरी गर्ने ? यसका लागि बोर्डले निर्णय गर्नुपर्छ। आयोजनाको बोर्ड निर्णय गर्न सक्ने अधिकार सम्पन्न नभएकोले अहिले यो सफाइ सुरु नभएको आयोजनाले जनायो ।

'सुरुङ २०० मिटरको हो । त्यहाँ पानी पठाउन ६० मिटर लामो पाइप पनि छ,' पन्तले भने ।

आयोजनाका अनुसार उक्त स्थान सफा गर्ने जिम्मेवारी सिनो हाइड्रोको हो । तर सिनोले यस्तो सानो काममा हात नहाल्ने भन्दै पन्छिँदै आएको छ । उक्त क्षेत्र सफा गर्न एक करोड रूपैयाँ लाग्ने अनुमान छ। सफाका लागि प्रक्रियामा जाँदा ३५ दिने म्याद दिएर टेण्डर निकाल्नुपर्ने हुन्छ । यसबारेमा मंसिरको अन्तिमसम्म कुनै निर्णय नभएको पन्तले जानकारी दिए ।

स्थलगत भ्रमणमा पुगेका नेता प्रदीप पौडेलले भने सुरुङ सफा गर्ने विषय खासै ठूलो नदेखिएको बताए। 'बाढीले जम्मा गरेको फोहोर धेरै फाल्नुपर्ने देखिएन। अलि प्रयास गरे छोटै समयमा खोल्न सक्ने देखियो,' पौडेलले भने । पौडेलले बक्यौता भुक्तानी नपाएको विषय अहिले प्रमुख समस्याका रूपमा देखिएका तर्क गरे ।

#### हेडवर्क्स सार्न अध्ययन जारी

मेलम्चीको हेडवर्क्स क्षेत्रलाई २०७८ असार १ गते भ्रेमाथाङबाट आएको लेदोसहितको पहिरोले पुरिएको छ । त्यतिबेला २२ मिटर उचाईमा पुरिएको उक्त क्षेत्र अहिले १५ मिटरको हाराहारीमा अझै पुरिएको आयोजनाको दाबी छ । पानी स्थायीरूपमा ल्याउन उक्त हेडवर्क्स क्षेत्र ठीक नहुने निष्कर्षमा अहिले लगानीकर्ता एसियाली विकास बैंक(एडिबी) पुगेको छ।

उक्त क्षेत्रमा हयोल्मोहरूको पवित्र देवता 'खिम्चुमु'लाई पूजा गरिने चलन धेरै अघिदेखि रहेको उल्लेख गर्दै स्थानीले उक्त क्षेत्रको पहरा नचलाउन अनुरोध गरेका थिए । अहिले यही हेडवर्क्स एडिबीले सर्भेको काम जारी राखेको छ । पानी पथान्तरण गर्ने हेडवर्क्स अम्बाथानभन्दा ८०० मिटर माथि सार्न एडिबीले सर्भे थालेको दुई वर्ष भइसक्यो । पानी ल्याउन बाँध पनि भूमिगत नै बनाउनुपर्ने सुझाव एडिबीले दिएको छ।

नयाँ हेडवर्क्स बनाउन चार वर्षभन्दा बढी समय र चार अर्ब रूपैयाँ लाग्ने अनुमान छ । यो आयोजनामा अहिलेसम्म ६१ अर्ब रूपैयाँभन्दा बढी खर्च भइसकेको छ । मेलम्चीको पानी पहिलोपटक २०७७ चैत १५ मा राजधानीबासीका धारामा खसालिएको थियो । तर २०७८ असार र साउनको बाढीले आयोजनाको हेडवर्क्स नै पुरिएपछि पानी आउन बन्द भयो। क्षति भएको नौ महिनापछि अर्थात् २०७९ वैशाख ११ गते अस्थायीरूपमा फेरि पानी काठमाडौं ल्याउन थालिएको थियो । गत असारबाट भने पानी ठप्प रहेको छ ।

### दलहरूलाई चुनावको ...

'देशको जितको खोजी प्रमुख कुरा हो, कांग्रेसको जित महत्त्वपूर्ण कुरा होइन,' उनले भने, 'अहिले देशको मुद्दा प्रगतिको बाटो हो, समुन्नति हो ।' उनले कांग्रेस समयले मात्र जेठो नभई सिद्धान्तले पनि जेठो पार्टी रहेको भन्दै सबै दलसँग सहकार्य गरेर अगाडि बढ्ने उल्लेख गरे ।

दलहरूले चुनावअघि सार्वजनिक गरेको घोषणापत्रमा रोजगारी, शिक्षा, स्वास्थ्य, सडकसँगै विकासे पूर्वाधारको क्षेत्रमा लोकप्रिय तर महत्त्वकांक्षी प्रतिबद्धता जनाएका थिए । सत्ता नेतृत्व दल नेकपा माओवादी केन्द्रले २० लाख, नेपाली कांग्रेसले साढे १२ लाख र नेकपा एमालेले पाँच लाख जनाका लागि रोजगारी सिर्जना गर्ने आश्वासन दिएका थिए । उसो त चालु आथिक वर्ष २०८०/८१ को बजेटसहितको नीति तथा कार्यक्रममा पनि रोजगारीलाई सरकारले प्राथमिकतामा राखेको थियो । तर, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा देखिने युवायुवतीको भिडले रोजगारी सिर्जना नगरेको प्रष्टिन्छ । देशमा रोजगारी नभएको भन्दै विदेशिनेहरूको भिड विमानस्थलमा देखिने गरेको छ । आप्रवासन विज्ञ डा. गणेश गुरुङका अनुसार वर्तमान सत्ता गठबन्धनले देशमा रोजगारी सिर्जनाका लागि प्रशंसालायक केही गरेको छैन ।

'रोजागारीलगायत घोषित एजेन्डाहरूको कार्यान्वयनमा ध्यान छैन । चार वर्षपछि हुने चुनावमा ध्यान छ, यो जनताप्रतिको बेइमानी हो । भन्दैपर्दा अहिलेसम्म जनताले वाहवाही गर्ने रोजगारीसम्बन्धी केही पनि काम सरकारबाट भएको छैन ।'

चुनावी इतिहासलाई हेर्दा नेपाली कांग्रेसले २०१५ र २०४८ मा दुईतिहाइ बहुमत प्राप्त गरेको थियो । पहिलो दल भने २०५६ र २०७० मा भयो । एमाले २०५१ र यसपटक पनि पहिलो दल छ। नेकपा माओवादी केन्द्र २०६४ र नेकपा २०७४ मा पहिलो दल भयो । तर, पनि कुनै पनि दलले पूरै कार्यकाल सत्ता सञ्चालन त गरेन नै जनताको अपेक्षाअनुसार देशको विकास पनि गरेन । राजनीतिक विश्लेषक कृष्ण पोखरेलका अनुसार कुनै पनि दलले बहुमत ल्याएन पनि केही गर्ने होइन ।

'नेपाली जनताले विश्वास गरेर पटक-पटक कांग्रेस र एमालेसँगै माओवादीलाई ठूलो दल बनायो । तर, के भयो ?,' उनले प्रभावसँग भने, 'ठूला दल भएर पनि गर्ने केही होइनन् । २०८४ को चुनावमा कुनै दल ठूला भए भने हुने केही होइन ।'

देशमा चुनावी इतिहास ७२ वर्षको छ । प्रजातन्त्र, पञ्चायत हुँदै अन्ततः गणतन्त्रकालसम्म आइपुग्दा जनताले पटक-पटक दलीय प्रतिनिधिहरूलाई चुने तर जनताको विकास र समृद्धिको आकांक्षा सम्बोधन हुन सकेको छैन । यसले गर्दा दलहरूले जति नै चुनाव लडे पनि देश र जनतालाई केन्द्रबिन्दुमा राखेर जनमुखी काम नगर्ने राजनीतिशास्त्री पोखरेलले बताए ।

### 'लर्न एण्ड अर्न'...

नेपाली श्रमिकलाई रोजगारीका लागि विदेश पठाउने सम्बन्धमा सरकार जति जिम्मेवार छ, अन्य सरोकारवाला संघसंस्था तथा निजी क्षेत्र पनि त्यतिनै जिम्मेवार हुनुपर्ने सचिव भण्डारीले बताए । अभिमुखीकरण तालिमप्रदायक संस्थाहरू, म्यानपावर कम्पनीहरू तथा सबै सरोकारवाला निकायबीच वैदेशिक रोजगारीलाई सुलभ, सुरक्षित र व्यवस्थित बनाउन मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गरिरहेको उनले जानकारी दिए । अभिमुखीकरण तालिम प्रदायक संस्थाहरू सरकारको सम्बन्धित निकायमा दर्ता भएपछि यो पनि सरकारकै अंग भएको भन्दै कानुनविपरीत काम गरेको पाइए तत्काल खारेज हुने चेतावनीसमेत दिए ।

'अब नाममात्रको अभिमुखीकरण हुँदैन, तालिममा सहभागिहरूको आई स्क्यानर रेकर्ड राखेर तालिम दिने कुरा हुन्छ,' उनले भने । मन्त्रालयले अनुगमनका क्रममा धेरै संस्थाहरूले तालिम नदिएको पाएकाले त्यस्ता संस्थाहरूलाई कडाइ गर्न नयाँ व्यवस्था गरिएको पनि सचिव भण्डारीले बताए ।

अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस १८ डिसेम्बर २०२३ लाई 'आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरेर मनाउन लागिएको पनि भण्डारीले जानकारी दिए। उनका अनुसार पुस १ गतेदेखि ६ गतेसम्म सप्ताहव्यापी रूपमा अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस मनाइने छ।

# काष्ठमाण्डप क्षेत्र फूलको गमलाले सजाइँदै

**काठमाडौं (प्रस)**– हनुमान ढोकामा रहेको ऐतिहासिक सम्पदा काष्ठमाण्डप क्षेत्रलाई थप सुन्दर बनाउने काम भएको छ। हनुमान ढोका दरबार संरक्षण कार्यक्रमअन्तर्गत वडा कार्यालय, शार्दुलजंग गुल्म, स्थानीयवासीको सहभागितामा फलामे स्टचाण्डमा फूलसहितका गमला राखेर सुन्दर बनाउन थालिएको हो ।

कार्यक्रमका लागि वडा नं १९ का अध्यक्ष एवं पूर्वाधार समितिका संयोजक राजेशकुमार श्रेष्ठ, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, वडा सदस्य, शार्दुलजंग गुल्मका गुल्मपति पूर्ण प्रजापति र स्थानीयवासीको सहभागिता थियो ।

वडा नं २० का वडाध्यक्ष मानन्धरले भने, 'सम्पदा क्षेत्रमा सवारी प्रवेश गरेपछि सामाजिक तथा सांस्कृतिक कार्यक्रममा असर परिरहेको हुन्छ । यो असर रोक्ने अभिप्रायले संरक्षण गर्ने र सुन्दर बनाउने काम थालिएको हो । स्टचाण्ड राखिएका ठाउँबाट सवारी साधनभित्र प्रवेश नगरुन् भनेर एक अर्कालाई फलामे साङ्लाले बाँधिएको छ ।' उनका अनुसार परिसरमा १२ फलामे स्टचाण्डमा ४८ वटा फूलसहितका गमला राखिएका छन् ।

दरबार संरक्षण कार्यक्रमको सहयोगमा शार्दुलजंग गुल्मले यसको व्यवस्थापन गरेको हो । यो कामलाई वसन्तपुर क्षेत्रभरि विस्तार गर्ने कार्यक्रम रहेको बताइएको छ। यसअघि वसन्तपुर जुद्धसालिक अगाडि कुमारी घरतर्फ र झोछेँ क्षेत्रमा करिब १२० फूलसहितका गमला राखिएको थियो ।

२०७२ वैशाख १२ को भूकम्पले पूर्णरूपमा क्षति भएको उक्त सम्पदाको पुनः निर्माण सम्पन्न गरी काष्ठमण्डप पुनर्निर्माण समितिले गत असोज १५ गते नै काठमाडौं महानगरपालिकालाई कार्य सम्पन्न प्रतिवेदन बुझाइसकेको छ। उक्त सम्पदा सर्वसाधारणका लागि कहिलेदेखि खुल्ने भन्ने विषय भने अझै टुंगो लागेको छैन ।

समितिले बुझाएको प्रतिवेदन अहिले सम्पदा विज्ञसहितको टोलीले अध्ययन गरिरहेको छ। प्रतिवेदन अध्ययन सकेसँगै उक्त सम्पदा सर्वसाधारणका लागि कहिले खुला गर्ने भन्ने विषय एकीन हुने कामपाले जनाएको छ। २०७५ वैशाख १८ गते जनप्रतिनिधि र स्थानीयवासीको निर्णयबाट तत्कालीन प्रदेशसभा सदस्य राजेश शाक्यको अध्यक्षतामा काष्ठमण्डप पुनर्निर्माण समितिको गठन भएको थियो । २०७५ ज्येष्ठ २४ गते बसेको कार्यपालिका बैठकले उपभोक्ता समितिमार्फत पुनर्निर्माण खर्च कामपाले बेहोर्ने निर्णय गरेअनुसार सम्पूर्ण खर्च कामपाले गरेको जनाइएको छ ।


## Balra Municipality
### Office of The Municipal Executive
Balra, Sarlahi
Madhesh Province, Nepal

**Invitation for Online Bids**

First Date of publication: 2080/09/02 (18 Dec. 2023)

1. Balra Municipality, Balra, Sarlahi invites electronic bids from eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may visit PPMO e-GP system www.bolpatra.gov.np/egp
3. Bidder must submit their bid electronically by download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders submitting their bid electronically, should deposit the cost of bidding document in account as specified below

Name of the Office: Balra Municipality, Balra, Sarlahi
Name of Bank:NIC ASIA Bank Ltd, Balra, Sarlahi
**Account No.:-3422050044356003**
**Information to deposit the Bid Security Amount in Bank:-**
Name of Office : Balra Municipality, Balra, Sarlahi
Name of Bank::NIC ASIA Bank Ltd, Balra, Sarlahi
**Account No.:- 3422050044356005**

| S. N. | ContractNo | Description of Work | Tender Opening Date | Bid Security Amount (Nrs.) | Bid Validity Period | Price of Bid Document (NRS) Non Refundable |
|---|---|---|---|---|---|---|
| 1 | BM/NCB/ Goods/80-81/01 | Supply and Delivery of Sanitary Pads | **16/01/2024 14:00 hours** | 60,000/- | 90 Days | 3000.00/- |

4. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp on or before 16/01/2024 12:00 hours. The office shall not be responsible for any miscommunication in case of incomplete information about firm's address. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at date mentioned above at Balra Municipality Office, Balra, Sarlahi. Non-attendance of any or all of the Bidders' representatives shall not hinder the opening of the bids. Bids must be valid for a period of as mentioned in table below after the date of bid opening.
6. Bids must be valid for a period of days mentioned above after bid opening and must be accompanied by a Bid Security or Scanned copy of Bid Security in .pdf format of minimum amount specified in table above. The Bid Security shall be valid for 30 days beyond the bid validity period. Bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site condition before submitting the bids at their own cost.
9. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of GON

**Chief Administrative Officer**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस २ गते २०८०, सोमबार

| | |
|---|---|
| **मेष** | अरूले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मिथुन** | आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कर्कट** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **कन्या** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **तुला** | परोपकारमा रूचि बढ्नेछ । |
| **वृश्चिक** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **धनु** | काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कुम्भ** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **मीन** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २ गते, २०८०, १८ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.५३ | १६९.२९ |
| स्विस फ्रैन्क | १ को | १५३.०१ | १५३.७० |
| अस्ट्रेलियन डलर | १ को | ८९.३५ | ८९.७५ |
| क्यानाडियन डलर | १ को | ९८.९१ | ९९.३५ |
| सिंगापुर डलर | १ को | १००.०७ | १००.५२ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | १८.६५ | १८.७३ |
| साउदी अरब रियाल | १ को | ३५.४६ | ३५.६२ |
| कतारी रियाल | १ को | ३६.४८ | ३६.६५ |
| थाई भाट | १ को | ३.८० | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३९ |
| मलेसियन रिङेट | १ को | २८.४७ | २८.६० |
| दक्षिण कोरियन वन | १०० को | १०.२८ | १०.३३ |
| स्विडिस क्रोनर | १ को | १२.९९ | १३.०५ |
| डेनिस क्रोनर | १ को | १९.४९ | १९.५७ |
| हङकङ डलर | १ को | १७.०४ | १७.१२ |
| कुवेती दिनार | १ को | ४३२.६४ | ४३४.५९ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**विवाहपञ्चमी** | विवाहपञ्चमीका अवसरमा जनकपुरधाममा आइतबार जानकी मन्दिरमा श्रद्धालु भक्तजनको भीड ।

*तस्विर: निरञ्जनकुमार साह/रासस*

# पाँच हजार भूमिहीनलाई जग्गाधनी पूर्जा

**काठमाडौँ–** सरकारले करिब पाँच हजार भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी पूर्जा उपलब्ध गराएको छ । सरकारले उनीहरूलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि पूर्जा वितरण गरेको भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिए ।

सरकारले भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीलाई आवश्यक कानुनी प्रबन्ध गरी भूमिसम्बन्धी समस्या समाधान गर्न गठन गरेको राष्ट्रिय भूमि आयोगमार्फत संकलन गरेको निवेदनमध्येबाट छानबिन गरी उनीहरूलाई पूर्जा वितरण गरेको हो । आयोगले सबै स्थानीय तहलाई निवेदन पठाउन पत्राचारका साथै सूचना प्रकाशन गरेको थियो । जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि बनाइएको थियो ।

देशभरका भूमिहीन तथा अव्यवस्थित बसोबासीको लगत स्थानीय निवेदन संकलन गरेको थियो । आयोगले करिब तीन वर्षको अवधिमा नौ लाख ८१ हजार भूमिहीन सुकुम्बासीका साथै अव्यवस्थित बसोबासीका निवेदन संकलन गरेको छ ।

नेपालको कूल क्षेत्रफलको लगभग २८ प्रतिशतमा आवादी छ । यस आवादी क्षेत्रको करिब ७५ प्रतिशत जमिन नापजाँच भई राज्यको आधिकारिक दर्ता रजिस्ट्रमा अभिलेख भएको छ । त्यसको दर्ता स्रेस्ता र प्रमाणपूर्जा तयार भएको छ ।

सहसचिव भट्टका अनुसार आवादी क्षेत्रको बाँकी लगभग २५ प्रतिशत जग्गामा लामो समयदेखि नागरिकको बसोबास, आवाद भए पनि सो क्षेत्रको नापनक्सा वा दर्ता स्रेस्ता कायम हुन नसकेको र बसोबासीले जग्गा धनी प्रमाणपुर्जा प्राप्त गर्न सकेका छैनन् । संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३७ (१) मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने र (२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको बासस्थानबाट नहटाइने उल्लेख छ ।

लामो समयदेखि आवाद गरेको, बसोबास गरिआएको जग्गामा उनीहरूले आफ्नो स्वामित्वको सुरक्षा अनुभूत गर्न सकेका छैनन् । हजारौं परिवार भूमिहीन एवं सुकुम्बासी आफू बसोबास गरिरहेको जमिनको स्वामित्वबाट वञ्चित छन् । त्यस्तो जग्गा आधिकारिक जग्गा प्रशासन प्रणालीमा दर्ता नभएकाले औपचारिक किनबेच नहुने हुँदा दर्तामार्फत सरकारले राजस्व, रजिस्ट्रेसन दस्तुर, लाभकर, मालपोत तथा सम्पत्ति करजस्ता रकम प्राप्त गर्न सकेको छैन ।

सहसचिव भट्टका अनुसार सरकारी वा सामुदायिक जग्गामा बसोबास गर्ने धेरैजसो भूमिविहीन तथा विपन्न परिवारको व्यवस्थापन कसरी गर्ने भन्नेबारे मौजुदा कानुनमा प्रस्ट नरहेकाले आवश्यक व्यवस्थासहितको ऐन नियमको खाँचो छ । सार्वजनिक वन क्षेत्रमा लामो समयदेखि बसोबास गरेका भूमिहीनलाई सोही जग्गामा व्यवस्थापन गर्न वन ऐन संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । *रासस*

# चिवाभञ्ज्याङ पुगेर टुंगियो एमालेको संकल्प यात्रा



**■ प्रभाव संवाददाता**

**पाँचथर–** नेकपा एमालेले सञ्चालन गरेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा आइतबार सम्पन्न भएको छ । पाँचथरको याङवरक गाउँपालिका-१ चिवाभञ्ज्याङमा झण्डोत्तलन गरी एमाले अध्यक्ष केपी शर्मा ओलीले अभियान सम्पन्न भएको घोषणा गरेका हुन् ।

एमालेका केन्द्रीय पदाधिकारी, स्थायी कमिटी तथा पोलिटब्युरोका सदस्य, केन्द्रीय कमिटीका सदस्य, जनप्रतिनिधिलगायत उक्त अभियान सम्पन्न गर्न आइतबार बिहान चिवाभञ्ज्याङ आइपुगेका थिए । पुष्पलाल (मध्यपहाडी) राजमार्गको अन्तिम बिन्दू बैतडीको झुलाघाटबाट मंसिर १४ गते यात्रा सुरु गरिएको थियो । झण्डोत्तलनका अतिरिक्त अध्यक्ष ओलीले यहाँ निर्माण गरिएको यात्राको प्रतीक स्तम्भको अनावरण गरे । उक्त कार्यक्रमका लागि आसपासको क्षेत्रबाट एमाले समर्थक तथा कार्यकर्ता उक्त स्थानमा पुगेका थिए ।

अभियान सम्पन्न भएपछि एमाले अध्यक्ष ओली, वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, रामबहादुर थापा, विष्णुप्रसाद पौडेल र सुरेन्द्रप्रसाद पाण्डे तथा महासचिव शंकर पोखरेल हेलिकप्टरमार्फत फिदिम फर्किएका छन् । उपमहासचिवत्रय प्रदीप ज्ञवाली, पृथ्वीसुब्बा गुरुङ र विष्णु रिमाल तथा सचिवसहितका नेताहरू पैदलमार्ग हुँदै फिदिम फर्किएका छन् । यसअघि पाँचथरको फिदिममा शनिबार एमालेले सन्देशसभा आयोजना गरेको थियो । आइतबार पाँचथरको याङवरक–१ च्याङथापूमा कोणसभा आयोजना गरेको थियो ।

तीन हजार १२८ मिटरको उचाइमा अवस्थित चिवाभञ्ज्याङ भारतको सिक्किम प्रान्तसँग सीमा जोडिएको स्थान हो । स्थानीयवासीले लामो समयदेखि सीमानाका स्थापनाको माग गरिरहेको चिवाभञ्ज्याङमा एमालेको यात्रा टुंगिने क्रममा ठूलो संख्यामा नेता तथा कार्यकर्ता पुगेका छन् । अभियानले चिवाभञ्ज्याङलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न, नाका स्थापनाका लागि सहयोग गर्न मद्दत मिल्ने च्याङथापूका ताराकुमार खालिङको भनाइ छ ।

# 'युद्धमा परेका नेपाली नागरिकको उद्धार गर्नू'

**काठमाडौँ (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले रुस-युक्रेनको युद्धमा परी मृत्यु भएकाका नेपालीको शव स्वदेशमा ल्याई आफ्नो धर्म, संस्कृति र परम्पराअनुसार दाहसंस्कार गर्ने व्यवस्था मिलाउन सरकारलाई आग्रह गरेको छ । आयोगले युद्धमा परी घाइतेहरूको उपचारका लागि प्रभावकारी पहल गर्न स्वदेश फर्कन चाहने नेपालीलाई कूटनीतिक पहलद्वारा स्वदेश फर्कने व्यवस्था मिलाउनुपर्ने उल्लेख गर्दै उक्त आग्रह गरेको हो ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा भनिएको छ, 'मृतकका परिवार र घाइतेलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा भविष्यमा यस प्रकारको गैरकानुनी बाटोबाट वैदेशिक रोजगारमा जाने स्थिति अन्त्य गरी नागरिकको जीउधनको सुरक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

रुस-युक्रेनबीच भइरहेको युद्धका क्रममा विभिन्न गैरकानुनी बाटो प्रयोग गरी नेपाली त्यहाँका सेनामा भर्ना भएका र युक्रेनी सेनाको आक्रमणमा परी केही नेपालीको मृत्यु भएको, केही घाइते भएका, अझै पनि सयौंको संख्यामा रुस र युक्रेन दुवैतर्फको सेनामा कार्यरत रहेको भनी विभिन्न स्रोतबाट जानकारी प्राप्त भएको जनाएको छ । त्यस्तै, नेपाली नागरिक जहाँ र जुनसुकै अवस्थामा रहे पनि उनीहरूको मानवअधिकारको संरक्षण र उद्धार गर्नु सरकारको कर्तव्य हुनेसमेत आयोगको भनाइ छ ।


**शिवनाथ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**शिवनाथ, बैतडी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृतिको आशयको सूचना**

प्रकाशित मिति २०८०/०९/०२

शिवनाथ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/०७/२१ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पुर्वक म्याद भित्र ***www.bolpatra.gov.np/egp*** मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. न. | ठेक्का नं. | निर्माण कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | 06/SRMUN/ WORKS/2080/081 | Basula Road Construction Works At Shivanath ward 04 Basula | Shivanath Nagarjun Construction Beldandi-01, Kanchanpur | Rs.16,33,967.50 |
| २ | 07/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 1 at Shivanath RM Ward 1,2,3 and 5 Baitad | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | Rs.17,23,901.00 |
| ३ | 08/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 2 at Shivanath RM Ward 1,2,3 and 5, Baitadi | Simran Engineering Pvt.Ltd Beldandi-02, Kanchanpur | Rs.18,55,480.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**KAMALAMAI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
SINDHULI
BAGMATI PROVINCE, NEPAL

**Invitation for e-Bids for the works specified in the table hereunder**

**Date of publication: 18th December 2023**

1. Kamalamai Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the construction of works specified in the table herewith under National Competitive Bidding procedures. The estimated amounts for the works are as stated in the table herewith.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically only, should deposit the cost Nrs. 3,000.00 (Nrs. Three Thousands) non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office : Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli**
   **Office Account no. : 1060100301010003**
   **Account name : KAMALAMAI NA.PA.(GA-1-1)-AANTARIK R**
4. Pre-bid meeting shall be held at Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli at 9th January, 2024.
5. Electronic bids must be submitted to the office Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli by PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 P.M. on 18th January, 2024.
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 P.M. on 18th January, 2024at the office of Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of as specified in the table herewith, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT& Contingencies (NRs.) | Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/ NCB/13/080/081 | Children Park Construction & Infrastructure Development Work, KamalamaiMunicipality-3, Sindhuli | 4,059,371.44 | 125,000.00 |
| KMU/SIN/Work/ NCB/14/080/081 | Dharabhanjyang-Satpatre Water Supply Scheme, Kamalamai Municipality-4, Sindhuli | 3,749,044.88 | 116,500.00 |

**(Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कुकुर आतंक नियन्त्रण गर

**सहरमा कुकुर छाडा छाड्ने चलन घटेको छैन। घरबाट छाडा छाडिएका कुकुरले बेलाबेला मानिसहरूमाथि आक्रमण गर्ने घटना बढेका छन्। यस्ता घटना कम गराउन काठमाडौं महानगरलगायत स्थानीय तहहरूले बन्ध्याकरणदेखि खोप कार्यक्रम सञ्चालन गर्छन्। काठमाडौं महानगरले पछिल्लो ६० दिनमा तीन हजारभन्दा बढी कुकुरमा बन्ध्याकरण गर्नुका साथै पाँच हजारभन्दा बढी कुकुर बिरालोलाई रेबिजविरुद्धको खोप लगाएको छ।**

**अरु नगरपालिकाले पनि यस्तै कार्यक्रम सञ्चालन गने पनि कुकुरले टोकेको घटना झन् बढ्दा छ। शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका अनुसार कुकुरले टोकेका बिरामीको संख्या बढिरहेको छ। अस्पतालका निर्देशक डा. युवानिधि बसौलाका अनुसार आर्थिक वर्ष २०७८/७९ मा कुकुरले टोकेपछि खोप लगाउन आउने नयाँ बिरामी ३८ हजार ७४८ रहेका थिए भने आव २०७९/८० मा यो संख्या बढेर ५० हजार ४९४ पुगेको छ।**

**यस्तै आव २०७८/७९ मा नयाँ र पुरानो गरी एक लाख, एक हजार, एक सय ९६ र आव २०७९/८० मा नयाँ र पुरानो गरी एक लाख २५ हजार ९० बिरामीले रेबिजविरुद्धको खोप लगाएका छन्। अस्पतालका अनुसार कुकुरले जाडोमा भन्दा गर्मी महिनामा बढीलाई टोक्ने टोक्छ। जाडोमा होस् गर्मी रात्रीकालीन समय र बिहान कुकुरले बाइक, साइकल सवार रहेका यात्रुमाथिसमेत झम्टेर टोक्ने गर्छ।**

**घरपालुवा र भुस्याहा कुकुरले मानिसलाई टोक्ने गरेको छ। कुकुरले टोकेपछि रेबिजविरुद्धको खोप नलगाएको खण्डमा रेबिज रोग लाग्ने गर्दछ। अस्पतालका प्रमुख कल्सन्टचान्ट फिजिसियन डा. विमल चालिसेले कुकुरले टोकेपछि जतिसक्दो चाँडै खोप लगाउनुपर्ने हुन्छ। खोप नलगाएको खण्डमा २० देखि ९० दिनसम्म रेबिज रोगको लक्षण देखिने र लक्षण देखिएको सात दिनभित्रमा बिरामीको मृत्यु हुन्छ। रेबिज रोग लागेका बिरामीको मृत्युदर शतप्रतिशत रहेको छ। रेबिज रोग लागेका मान्छे सुरुमा पानी र हावासँग डराउने र त्यसपछि अचेत अवस्था भई मृत्यु हुने गर्छन्।**

**रेबिजबाट संक्रमित भएको कुकुर, जंगली जनावरजस्तै स्याल, फ्याउरोले टोकेमा, चिथोरेमा तिनीहरूको र्यालबाट रेबिज रोग सर्दछ। रेबिज भाइरसले मस्तिष्कमा असर पुऱ्याउँछ र लक्षण देखिएपछि रेबिज घातक हुन्छ। कुकुरले टोकेमा टोकेको घाउमा १५ मिनेटसम्म साबुनपानीले सफा गर्ने, त्यसपछि तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा गई रेबिजविरुद्धको खोप लगाउने गर्नुपर्ने चिकित्सकहरूको सुझाव छ। यस्तो घातक रोगलाई नियन्त्रणमा लिनका लागि सबैले मिलेर कुकुरको टोकाइलाई कमभन्दा कम गर्नुपर्छ। त्यसैले जनस्वास्थ्यमा ख्याल गर्दै यसका लागि भुस्याहा कुकुर नियन्त्रण गर्ने कार्यक्रम चाँडोभन्दा चाँडो कार्यान्वयनमा ल्याउनुपर्छ।**

# जाडोमा हृदयाघातको उच्च जोखिम

■ **डा. ओममूर्ति अनिल**
**वरिष्ठ मुटुरोग विशेषज्ञ**



नेपालमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोल हृदयाघात र मस्तिस्कघातजस्ता नसर्ने रोगहरूको प्रकोप बढ्दै गइरहेको छ। यस किसिमका रोगबाट हुने क्षतिले व्यक्ति, समाज र अन्ततः राष्ट्रलाई नै असर पार्न सक्ने भएकाले यी नसर्ने रोगहरूको प्रमुख कारण अस्वस्थ जीवनशैली हो भन्ने सबैले बुझ्न आवश्यक छ। अस्वस्थ जीवनशैली नै मुटसम्बन्धी रोगको प्रमुख कारण भएकाले आवश्यक उपाय अहिलेदेखि नै अवलम्बन गर्नुपर्ने हुन्छ। नभए भोलि प्रत्येक परिवारमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोल, हृदयाघात वा अन्य मुटुरोगका बिरामी हुनेछन्। नेपालले स्वास्थ्य क्षेत्रमा निकै प्रगति गर्न सके पनि नसर्ने रोगको समस्या दिनप्रतिदिन बढ्दै गएको छ। उपचार सेवा र चिकित्सकहरु सहरी क्षेत्रमा नै केन्द्रित हुँदा ग्रामीण क्षेत्रका जनता आधारभूत जानकारी र अवसरबाट वञ्चित छन्। बालबालिका र युवाहरूमा बढ्दै गइरहेको अस्वस्थ आहारको सेवन, शारीरिक गतिविधिमा कमी, धूमपान, मदिरापानले भोलिको नेपाललाई अस्वस्थ बनाउने देखिन्छ। निम्न र मध्यम वर्गीय नेपालीहरूका लागि मुटुरोगको उपचार महँगो र असहज भएका कारणले यसको रोकथाम तथा नियन्त्रण नै एकमात्र विकल्प रहेको छ। यतिबेला चिसो मौसमका कारण मुटुको समस्या भएका बिरामीको संख्या धेरै रहेको पाइन्छ। चिसो समयमा अस्पताल वा क्लिनिकहरूमा बिरामीको संख्या ह्वात्तै बढ्ने गर्दछ। उच्च रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रोलजस्ता रोगहरूको समयमै उचित उपचार भएमा मुटुरोगको प्रकोपलाई घटाउन सकिने वरिष्ठ मुटुरोग विशेषज्ञ डा. ओममूर्ति अनिल बताउँछन्। खासगरी चिसो याममा मुटुरोगबाट कसरी स्वस्थ रहन सकिन्छ भन्ने विषयमा **डा. अनिल**सँग राष्ट्रिय समाचार समिति *(रासस)*का आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानी संक्षेपमा यहाँ प्रस्तुत गरिएको छः

चिसो बढेसँगै जनजीवन नराम्ररी प्रभावित भएको छ। जाडो मौसममा विभिन्न प्रकारका रोगहरू लाग्ने गर्छन्। चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ। चिसोले रक्तनली र शरीरमा सीधा प्रभाव पार्दछ। चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ। गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिम बढी रहने गर्दछ। यस्तो अवस्थामा बिरामी र वृद्धहरूलाई हृदयाघात हुने सम्भावना बढी हुने गर्दछ।

रक्तचापको नियन्त्रण नगरेमा हृदयाघातको खतरा दुई गुना बढी हुन्छ। मधुमेहले पनि हृदयाघातको जोखिमलाई दुईदेखि तीन गुना बढाउँछ। लामो समयसम्म मधुमेह भएको व्यक्तिलाई यसको खतरा झन् बढी हुन्छ। मधुमेहका रोगीमा रक्तचाप र कोलेस्ट्रोलको राम्रो नियन्त्रण नभएमा हृदयाघातको खतरा झन् बढी हुन्छ। संसारभरि नै हेर्ने हो भने सबैभन्दा बढी मानिसको मृत्यु मुटु र रक्तनलीसम्बन्धी रोगहरूले हुने गर्छ। हृदयाघात र मस्तिष्कघात नै मुटु र रक्तनलीसम्बन्धी प्रमुख रोगहरू हुन्। हृदयाघातपछि सबैभन्दा बढी मानिसको मृत्यु मस्तिस्कघातले हुने गर्दछ।

गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिममा बढी हुने हुँदा संसारभर नै चिसोको बेला मुटुका रोगीको संख्या बढ्ने गर्दछ। मुटुको रोगको जटिलता बढ्दा मृत्युको संख्या पनि बढ्न जाने अनुसन्धानबाट पुष्टि भएको छ। चिसोको समयमा हृदयाघातमात्र होइन, मस्तिष्कघात पनि बढी हुने गर्दछ। चिसोमा रक्तसञ्चार प्रणालीमा बढी समस्या आउने गर्दछ। यसले गर्दा व्यक्तिको उच्च रक्तचाप बढ्ने, रक्त प्रवाहमा गडबडी गर्दछ। जसले गर्दा मुटुमा रक्तसञ्चार कमी हुन्छ। छाती दुख्ने, मुटु ढुकढुक हुने हुन्छ भने कतिपयलाई हृदयाघात पनि हुन्छ। जाडोमा कोलेस्ट्रोलको मात्रा पनि बढी हुन्छ।

जाडो मौसममा चिसोका कारणले हाम्रो शरीरमा विभिन्न रसायन वा हार्मोनहरू बढ्न जान्छ। शरीरमा उत्पन्न हुने हर्मोनहरू हुन् जसले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्छन्। ती हार्मोनहरूले हाम्रो रक्तनलीलाई साँघुरो बनाउँछ। चिसोका कारण मुटुभित्रका नलीमा रक्तसञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढाइदिन्छ। यसले गर्दा रगतको नशामा जम्ने हुन्छ। मुटुको रक्तनलीमा भयो भने हृदयाघात हुन्छ भने यदि मस्तिष्कको नलीमा भयो भने मस्तिष्कघात हुन्छ।

यस्तै वायु प्रदूषण, शारीरिक व्यायाममा कमी, मानसिक दबाब, खानपानमा खराबी र मौसमका कारण पनि हृदयाघातको खतरा बढ्छ। जो व्यक्तिहरूको मुटु कमजोर हुन्छ, उनीहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ। मौसम खराब हुने कारण सबैभन्दा बढी समस्या श्वासप्रश्वासमा पर्छ। यसका साथै, फ्लु र निमोनियाजस्ता रोगहरू हुने सम्भावना जाडो मौसममा धेरै हुन्छ। यसैले जाडो मौसममा हाम्रो शरीर र मुटुलाई शरीरको तापमान सन्तुलनमा राख्न विशेष ध्यान दिनुपर्छ।

### जोखिममा रहने वर्ग

